# बालविवाह मुक्त क्षेत्र घोषणा कार्यविधि, २०८२

| |
|---|
| नगर कार्यपालिकाबाट स्वीकृत मितिः |

| |
|---|
| प्रमाणिकरण मितिः |

हनुमाननगर कंकालिनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हनुमाननगर कंकालिनी, सप्तरी

प्रमाणित गरिएको छ।

०८२।१२।०८

# बालविवाह मुक्त क्षेत्र घोषणा कार्यविधि, २०८२

हनुमाननगर कंकालिनी नगरपालिकामा बालविवाह मुक्त अभियान सञ्चालन गरी बालविवाह मुक्त वडा तथा पालिका निर्माण गरी बालअधिकारको संरक्षण र प्रबर्धन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र हनुमाननगर कंकालिनी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनले दिएको अधिकार प्रयोग गरी हनुमाननगर कंकालिनी नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** यस कार्यविधिको नाम "बालविवाह मुक्त क्षेत्र घोषणा कार्यविधि, २०८२" रहेको छ ।

२. यो कार्यविधि हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको बैठकले स्वीकृत वा अनुमोदन गरेको मितिदेखि लागू हुनेछ ।

३. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

(क) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका नागरिक सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाको "बालविवाह मुक्त क्षेत्र घोषणा कार्यविधि, २०८२" सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "मेयर" भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाको "मेयर" सम्झनु पर्छ ।

(ङ) "उपमेयर" भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाको "उपमेयर" सम्झनु पर्छ ।

(च) "कार्यपालिका सदस्य' भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाको सदस्यलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) "पीडित" भन्नाले बालविवाह भएका वा हुन सक्ने जोखिममा रहेका व्यक्ति सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले यस हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यविधि अनुसार गठन भएको समिति सम्झनु पर्छ ।

(ञ) "बालविवाह" भन्नाले नेपालको प्रचलित कानुन बमोजिम तोकिएको उमेरभन्दा अगाडि गरिने सबै किसिमका विवाहलाई सम्झनु पर्छ ।

(ट) "वडा अध्यक्ष" भन्नाले हनुमाननगर कंकालिनी नगरपालिका अन्तर्गतका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ठ) "वडा सदस्य" भन्नाले हनुमाननगर कंकालिनी नगरपालिका अन्तर्गतका वडा समितिका वडा सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ड) "सामाजिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

(ढ) "निजी संस्था" भन्नाले कानून बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य फर्म वा कम्पनी समेतलाई जनाउँछ ।

(ण) "रणनीति" भन्नाले हनुमाननगर कंकालिनी नगरपालिका बाल विवाह मुक्त क्षेत्र घोषणा पश्चात् त्यसलाई कायम राख्न लिने "बालविवाह मुक्त वडा तथा पालिका घोषणा दिगोपनाको रणनीति" सम्झनु पर्दछ ।

## परिच्छेद - २

## बालविवाह मुक्त नगरपालिका र वडा घोषणा गर्दा अपनाइने प्रक्रिया

१. नगरपालिका तहमा विभिन्न उमेर, लिंग, जातजाति, वर्ग, धर्म, आस्था र समुदायका बालबालिका, किशोरकिशोरी, शिक्षक, स्थानीय बाल अधिकार समिति, वडा बालअधिकार समिति, समाजसेवी, नागरिक समाज, धार्मिक अगुवा, जातीय अगुवा, प्रहरी, अभिभावकसँग बाल विवाहका विद्यमान कारणहरु र सोको समाधानका उपायहरुका बारेमा छलफल गरी नगरपालिका स्तरीय बालविवाह अन्त्य सम्बन्धी कार्य योजना निर्माण तथा आवश्यक बजेट विनियोजन गर्ने ।

२. वडा तथा नगरपालिकाको वार्षिकरुपमा जम्मा विवाहको तथ्यांक र त्यसमा पनि बालविवाहको अवस्थाको तथ्यांक संकलन तथा अध्यावधिक गर्ने ।

३. बालविवाहको तथ्यांकको आधारमा बालविवाह बढी हुने वस्ती, टोल, समुदाय तथा वडा केन्द्रित कार्यक्रम सञ्चालन गर्ने ।

४. नगरपालिका तथा वडास्तरमा बालविवाह मुक्त घोषणाका लागि स्थानीय सरोकारवालाहरु समावेश गरी सर्वपक्षीय प्रारम्भिक बैंठक आयोजना गर्ने र विद्यालय केन्द्रित अभियान संञ्चालन गर्ने ।

५. बालविवाहविरुद्ध बालबालिकाहरुमा सचेतना अभिवृद्धि गर्न बाल अभियन्ताहरु तयार गरी बालबालिकाको नेतृत्वमा विभिन्न अभियान एवम् क्रियाकलाप सञ्चालन गर्ने । बालविवाहको असर बारे पोष्टर, ब्यानर बनाइ ठाउँठाउँमा टाँस गर्ने ।

६. पालिका/वडास्तरीय सरोकारवालाहरुबीचको बैठकमा बालविवाह मुक्त नगरपालिका र वडा घोषणा गर्न आधारभूत सूचक माथि छलफल गर्ने ।

७. नगरपालिका, वडा कार्यालय तथा सरोकारवाला संघ-संस्थाहरुबाट विनियोजित बजेटलाई मध्यनजर गरी नगर तथा वडास्तरीय बालअधिकार समितिमार्फत बालविवाह मुक्त वडा र नगरपालिकाको लागि कार्य योजना अन्तर्गत केन्द्रित कार्ययोजना निर्माण गरी विभिन्न वस्ती, टोल, विद्यालय तथा समुदायस्तरमा तालिम, घरदैलो, हस्ताक्षर अभियान, र्‍याली, अभिमुखीकरण, सडक नाटक तथा अन्तर्क्रिया आदि जस्ता कार्यक्रम सञ्चालन गर्ने ।

८. नगरपालिका तथा वडा बालअधिकार समिति, विभिन्न राजनैतिक दल, स्थानीय प्रहरी, स्थानीय संघ संस्था, बालक्लव, बालक्लब संजाल, किशोरी क्लब, युवा क्लब, विद्यालय, स्थानीय धामीझाँक्री, महिला समूह, सिलाइकर्मी, बाद्यवाधक, सिंगारकर्मी, संचारकर्मी, निगरानी समुह, आमा समुह, धार्मिक गुरुहरु र स्थानीय राजनीतिक दलमार्फत घरदैलो अभियान एवं हस्ताक्षर संकलन अभियान सञ्चालन गर्ने ।

९. नगरपालिकास्तरमा बालविवाहको अवस्था विषयक राजनैतिक दल, बालअधिकार समिति, बालक्लब, किशोरी क्लब, धार्मिक गुरु, धामीझाँक्री, महिला सञ्जाललगायतका सरोकारवालाहरु बीच सार्वजनिक अन्तरक्रियात्मक संवाद एवम् सुनुवाई कार्यक्रम सञ्चालन गर्ने ।

१०. नगरपालिकालाई बालविवाह मुक्त घोषणाका लागि स्थानीय बालअधिकार समितिको सिफारिसमा नगर कार्यपालिकाबाट निर्णय गर्ने र वडालाई बालविवाह मुक्त घोषणाका लागि वडास्तरीय बालअधिकार समितिको निर्णयअनुसार स्थानीय बालअधिकार समितिको सिफारिसमा नगर कार्यपालिकाको बैंठकबाट निर्णयानुसार बालविवाह मुक्त वडा/पालिका घोषणाका लागि मिति, स्थान तय गरी विभिन्न तयारी उपसमितिहरु निर्माण गर्ने ।

११.बालविवाह मुक्त नगरपालिका घोषणाका लागि स्थानीय रेडियो, अनलाइन मिडिया र पत्रिकाहरुसँगको समन्वय, सहयोग तथा साझेदारीमा प्रचार प्रसार गर्ने ।

१२.विवाहका लागि छपाइने कार्ड/निम्तो कार्डहरुमा बेहुला र बेहुलीको जन्म मिति अनिवार्य उल्लेख गर्नुपर्ने ।

१३. वडा तथा पालिका स्तरमा रहेका छापाखानाहरुमा जन्म मिति सहितको कार्ड छाप्ने निर्देशन दिन अन्यथा कार्ड नछाप्ने ।

१४.स्थानीय धार्मिक गुरु, जातीय अगुवा, धामीझाँक्री, पुरोहित, पण्डित, मौलाना, पाष्टर, लामा तथा ज्योतिषहरुमार्फत आजको दिनदेखि २० वर्षभन्दा मुनिका व्यक्तिहरुको विवाहको लगन नजुराउने तथा विवाह नगराउने प्रतिबद्धता गराउने ।

१५. नगरपालिकाले स्थानीय प्रहरीसँग समन्वय गर्ने र बालविवाह हुन नदिनका लागि सामुदायिक जागरण तथा अन्तरक्रियाका साथै विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने ।

१६. बालविवाह मुक्त वडा र नगरपालिकालाई घोषणा कार्यक्रमका लागि विभिन्न स्थानीय सांस्कृति झलक, स्थानीय पहिरन र बाजागाजाहरु तथा अन्य सचेतनामूलक विभिन्न कला प्रस्तुतिहरुको तयार गराउने ।

१७. बालविवाह मुक्त वडा र नगरपालिका घोषणा सभाको आयोजना गर्ने र बालविवाह मुक्त पालिका/वडामा सहयोग पुऱ्याउने व्यक्ति, संघ/संस्था तथा निकायहरुलाई सम्मान गर्ने ।

१८. बालविवाह मुक्त वडा घोषणाका लागि वडाको बालअधिकार समितिले तथा पालिकालाई बाल विवाह मुक्त घोषणाका लागि स्थानीय बालअधिकार समितिले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१९. नगरपालिका तथा वडास्तरमा सञ्चालन भएका विभिन्न बालविवाह मुक्त अभियानहरुक प्रभावकारिता तथा असल सिकाईहरुको प्रचार प्रसार गर्ने ।

२०. बालविवाह मुक्त वडा तथा पालिका घोषणा भएपछि सर्वपक्षीय छलफलबाट बालविवाह मुक्त क्षेत्र घोषणाका सूचकहरुमा प्रगति कायम राख्न पालिका तथा वडा तहमा देहायअनुसारको ए अनुगमन संयन्त्र सहितको योजना निर्माण गर्ने ।

**क) नगरपालिका स्तरीय अनुगमन समिति**

१. संयोजक– उपमेयर, वा कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य हनुमाननगर कंकाली नगरपालिका
२. सदस्य – कार्यपालिका सदस्यहरु २ जना
३. सदस्य – प्रमुख, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा
४. सदस्य – प्रमुख, शिक्षा शाखा
५. सदस्य – प्रमुख, स्वास्थ्य शाखा
६. सदस्य – प्र.अ., उपमेयरले तोकेको सामुदायिक विद्यालयमध्येबाट १ जना
७. सदस्य – अध्यक्ष, उपमेयरले तोकेको विद्यालय व्यवस्थापन समितिबाट १ जना
८. सदस्य – प्रतिनिधि, स्थानीय प्रहरी इकाइ १ जना
९. सदस्य – संयोजक, नगर बालक्लब सञ्जाल २ जना (एक जना बालिका सहित)
१०. सदस्य – समितिले मनोनयन गरेका बालअधिकारकर्मी २ जना
११. सदस्य – स्थानीय गैसस प्रतिनिधि १ जना
१२. सदस्य – संयोजकद्वारा मनोनित १ जना (कानून व्यवसायी)
१३. सदस्य–सचिव – प्रमुख प्रशासकीय अधिकृत

**ख) वडास्तरीय अनुगमन समिति**

१. संयोजक – वडाअध्यक्ष वा निजले तोकेको प्रतिनिधि
२. सदस्य – २ जना वडा सदस्यहरु (एकजना महिला सदस्य)
३. सदस्य – प्रहरी प्रतिनिधि
४. सदस्य – स्वास्थ्य प्रतिनिधि
५. सदस्य – वडाध्यक्षले तोकेको प्र.अ./शिक्षक १ जना

६. सदस्य – वडाध्यक्षले तोकेको वि.व्य.स. अध्यक्ष वा प्रतिनिधि १ जना
७. सदस्य – सचिव – वडा सचिव

नगर र वडास्तरीय अनुगमन समिति आफैले कार्यविधि निर्धारण गरी कार्य गर्न सक्नेछ ।

परिच्छेद - ३

## वडा र पालिकालाई बालविवाह मुक्त घोषणाका सूचकहरु

नगरपालिकाका वडाहरु र नगरपालिकालाई बालविवाह मुक्त क्षेत्र घोषणा गर्नका लागि देहायअनुसारका सूचकमा ९० प्रतिशतभन्दा बढी अंक हासिल गरेको हुनुपर्नेछ । बालविवाह मुक्त क्षेत्र घोषणा गर्नुअघि नगरपालिका र सम्बन्धित वडाले सूचक प्राप्तिको सुनिश्चितताको लागि मूल्यांकनको प्रभावकारी व्यवस्था गर्नुपर्नेछ ।

१. वडा र पालिकामा विवाहका घटनाहरुको तथ्यांङ्क तथा अभिलेख चुस्तदुरुस्त राखेको हुनु पर्नेछ ।

२. नगरपालिकामा बाल संरक्षण प्रणाली स्थापना भएको (बालसंरक्षण सम्बन्धी कार्यविधि स्वीकृत भइ कार्यान्वयन भएको, बालविवाह अन्त्यसम्बन्धी कार्य योजना तयार भएको बालकल्याण अधिकारीको व्यवस्था भएको, बालकोष स्थापना भएको) हुनु पर्ने ।

३. सबै बालबालिकाहरुको अनिवार्य जन्मदर्ता गर्ने गरिएको हुनु पर्ने ।

४. वडास्तरीय र नगरस्तरीय बालअधिकार समितिहरु गठन भइ क्रियाशील भएको हुनु पर्ने ।

५. पालिकास्तरमा भएका समुदायमा आधारित संस्था/समिति निगरानी समूहहरु बालविवाह विरुद्ध सक्रिय एवम् क्रियाशील भएका हुनु पर्ने ।

६. बालविवाहका घटनाहरुको उजुरी तथा सम्बोधन संयन्त्र वडा तथा पालिकास्तरमा निर्माण भई सञ्चालनमा आएको हुनु पर्ने ।

८. धामीझाँक्री, वाद्यवादक, पण्डित, मौलाना तथा पुरोहित आदिले बालविवाह गराउन छाडेको तथा बालविवाह विरुद्धको अभियानमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको हुनु पर्ने ।

९. बालविवाहको जन्ती/भोज/भतेर जस्ता कार्यहरुमा समुदायका व्यक्तिहरु सहभागी हुन छाडेको हुनु पर्ने ।

१०. घरदैलो अभियानमार्फत वस्ती तथा वडाका सबै बालबालिका, किशोरकिशोरी र अभिभावकहरुलाई बालविवाहका विषयमा सचेत गराई बालविवाह हुन नदिने र कदाचित भएमा कानूनी प्रक्रिया अवलम्बन गर्ने प्रतिबद्धता गराएको हुनु पर्ने ।

११. बालबालिका आफैँले गरेको वा स्वेच्छिक विवाह समेतलाई आवश्यकता अनुसार मनोविमर्श सेवा दिई बालबालिकालाई आफ्नै अभिभावकको जिम्मा दिने वा आवश्यकता अनुसार आवधिक हेरचाह गृहमा राखी सेवा प्रदान गरेको हुनु पर्ने ।

१२. बालविवाह मुक्त वडा घोषणा गर्नको लागि वडाको वार्षिक तथ्यांक अनुसार जम्मा विवाहमध्ये उमेर पुगी गरेको वा कानूनले स्वीकार गरेको विवाहको तथ्यांकमा ९० प्रतिशत वा सोभन्दा वढी पुगेको हुनु पर्ने । वा बालविवाह मुक्त घोषणाको अघिल्लो वर्ष कम्तिमा ८० प्रतिशत बालविवाहमा कमी आएको हुनु पर्ने ।

१३. नगरपालिकालाई बालविवाह मुक्त घोषणा गर्नका लागि नगरपालिकाका सबै वडाहरु बालविवाह मुक्त वडा घोषणा भएको हुनु पर्ने ।

१४. पालिका तथा वडामा अनिवार्य विवाह दर्ता गर्ने गरिएको हुनु पर्ने ।

## परिच्छेद - ४

## सरोकारवालाहरुको भूमिका

१. जन्म दर्तालाई बालबालिकाको नैसर्गिक अधिकारको रुपमा लिई १८ वर्ष मुनिका सम्पूर्ण बालबालिकाको जन्मदर्ता गर्न सबै सरोकारवालाहरुले सहयोग गर्ने ।

२. बालविवाहका घटनाको न्यायिक प्रक्रियामा हुने हस्तक्षेपलाई पूर्णरुपमा रोक्नका लागि सबै सरोकारवालाहरु प्रतिबद्ध भई सहयोग गर्ने ।

३. विद्यालय, समुदाय एवम् सम्पूर्ण सार्वजनिकस्थलमा बालसंरक्षण सम्बन्धी संयन्त्रमार्फत आचार संहिता निर्माण गरी पूर्णरुपमा लागु गर्ने ।

४. बालविवाह विरुद्धको अभियानमा सबै पक्षले स्थानीय बालअधिकार समिति तथा वडा बालअधिकार समितिसँग आवश्यक सहयोग र सहकार्य गरी बालविवाह निषेध गर्न सहयोग गर्ने ।

५. सबै सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुले आ-आफ्नो क्षेत्रमा सञ्चालन गरिने कार्यक्रममा बालविवाह विरुद्धको अभियानमा सहयोग पुग्ने क्रियाकलाप समावेश गरी सञ्चालन गर्ने ।

६. बालविवाह सम्बन्धी घटनाको स्थलगत अनुगमनपछि प्रतिवेदन तयार गरी स्थानीय/वडा बालअधिकार समिति मार्फत कारवाहीका लागि सिफारिस गर्ने ।

७. नगर बालअधिकार समितिको अगुवाइमा बालविवाह सम्बन्धी नगरस्तरीय कार्य योजना निर्माण गरी लागू गर्ने ।

८. बालविवाह मुक्त वडा र पालिका घोषणा पश्चात् पनि समूदायस्तरमा नियमित कार्यक्रमहरु सञ्चालन गर्ने ।

## परिच्छेद - ५

## बालविवाह मुक्त वडा तथा पालिका घोषणा दिगोपनाको रणनीति

१. बालविवाह मुक्त वडा तथा नगरपालिका घोषणा पश्चात् वडा तथा पालिकास्तरीय बालअधिकार समितिको नेतृत्वमा सबै सरोकारवालाहरु र बालबालिकाहरु सहितको उपस्थितिमा वार्षिक कार्ययोजना निर्माण गरिएको हुनुपर्ने ।

२. बालविवाह मुक्त वडाका सूचकहरुको प्रगति कायम राख्न तथा वार्षिक कार्ययोजना कार्यान्वयनका लागि वडा कार्यालय तथा नगरपालिकाले आवश्यक बजेट विनियोजन गरी कार्यान्वयनमा ल्याएको हुनुपर्ने ।

३. प्रत्येक बालबालिकाहरुको जन्मदर्ता सुनिश्चित गर्ने संयन्त्र स्थापना गरी कार्यक्रम सञ्चालनमा ल्याएको हुनुपर्ने ।

४.बालविवाहका घटनाको उजुरी र घटनाको सम्बोधन संयन्त्र वडा तथा पालिकास्तरमा प्रभावकारी रुपमा सञ्चालनमा आएको हुनुपर्ने ।

५. पालिका तथा वडास्तरमा अर्धवार्षिक रुपमा बालविवाहको अवस्थाको प्रतिवेदन बारेमा सरोकारवालाहरुसँग छलफल एवम् समीक्षा हुनुपर्ने ।

## परिच्छेद - ६

## विविध

१. यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

२. **बाधा अडकाउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा व्याख्या गर्ने अधिकार हनुमाननगर कंकालिनी नगर कार्यपालिकालाई हुनेछ ।

३.**संशोधन** : यस कार्यविधिमा आवश्यकता अनुसार हनुमाननगर कंकालिनी नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

प्रमाणिकरण मिति : २०८२/...../...